बैठक संख्या :- ३४ औं

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ साल असोज महिनाको १८ गते शुक्रबारका दिन दिउँसो ३:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो।

उपस्थितिः-

| क्र.सं. | नाम | पद | सम्पर्क नं | ईमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ०१ | संजिव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | | |
| ०२ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | | |
| ०३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४४६५१४९ | | |
| ०४ | दिपक ठकुरी | वडाध्यक्ष, वडा नं २ | ९८४४३०६५७२ | | |
| ०५ | ढाल बहादुर तमाङ | वडाध्यक्ष, वडा नं ३ | ९८६४००४१४७ | | |
| ०६ | रामचन्द्र खड्का | वडाध्यक्ष, वडा नं ४ | ९८६३६३७४९८ | | |
| ०७ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | | |
| ०८ | टहल बहादुर थामी | वडाध्यक्ष, वडा नं ६ | ९८५४०४५९४० | | |
| ०९ | दल बहादुर श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | ९८४९१७०३२१ | | |
| १० | हिरा थामी | वडाध्यक्ष, वडा नं ८ | ९८६६४१९५१० | | |
| ११ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | | |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ९८४४१९६३९६ | | |
| १३ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ९८५१०५३४६१ | | |
| १४ | ज्योतिमाया थामी | कार्यपालिका सदस्य | ९८४४५५५८९९ | | |
| १५ | टलमाइ तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | | टलमाई |
| १६ | मैयाँ नेपाली | कार्यपालिका सदस्य | ९८६०४१००६५ | | |
| १७ | छोईसाङ तामाङ | प्रमुख प्रशासकीय अधिकृत | ९८५१२४९२०६ | | |
| १८ | दिपेन्द्र पन्त | प्रशासन शाखा प्रमुख | ९८४८७५८१२२ | | |

## मिति २०८१।०६।१८ गते विगु गाउँपालिकाको कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु:

१. विपदमा मृत्यू भएको परिवारलाई क्षतिपुर्ति सिफारीस सम्बन्धमा ।
२. बजार अनुगमन सम्बन्धमा ।
३. अख्तियारको पत्र सम्बन्धमा ।
४. बार्षिक खरिद योजना सम्बन्धमा ।
५. सडक हेरालुको तलब सम्बन्धमा ।
६. सडक सूचारु गर्ने सम्बन्धमा ।
७. विगु ५ लोटीङ भुमेडाँडा सडक पहिरो नियन्त्रण सम्बन्धमा ।
८. ८,७,६ र ५ मा संचालित हाइड्रो पावरहरु सम्बन्धमा ।
९. विपन्न नागरीक औषधी उपचार खर्च सम्बन्धमा ।
१०. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
११. पाटीगैरा सडक संरक्षण सम्बन्धमा ।

छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाबगर, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

<u>मिति २०८१।०६।१८ गते विगु गाउँपालिकाको कार्यपालिका बैठकको निर्णयहरु</u>

१. प्रस्ताव नं १ उपर छलफल गर्दा देश भर आएको ठुलो पानीको कारण यस विगु गाउँपालिका भित्र भल, बाढी तथा पहिरोको कारण मृत्यू भएको व्यक्तिहरुको परिवारलाई नियमानुसार पाउँने क्षतिपुर्तिको लागी वडा कार्यालयको सिफारीस अनुसार गाउँपालिकाबाट जिल्ला प्रशासन कार्यालयमा सिफारीस गरिने छ ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा नजिकिदो चाडपर्वको अवसरमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न यहि मिति २०८१।०६।१९ गते देखि बजार अनुगमन निर्देशिका अनुसार गठित अनुगमन टोलीले बजार अनुगमन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा अख्तियार अनुसन्धान आयोगबाट मिति २०८१।०६।१० , चलानी नं ११४ प्राप्त भएको पत्रानुसार तोकिएको विषयमा यस कार्यालयबाट मिति २०८१।०६।१६, चलानी नं ३६० बाट प्रतिउत्तर गरिएको साथै थप अध्ययनको लागि यस गाउँपालिकाले आन्तरीक छानविन गरी प्राप्त विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गराउने र थप अध्ययनको लागी सि आई वि तथा नेपाल प्रहरीलाई अनुरोध गर्ने गरी पत्राचार गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१।०८२ मा विनियोजित बजेट सहज कार्यान्वयनको लागि गाउँपालिकाले बार्षिक खरिद योजना यथासिध्र तयार गरी कार्यान्यिवनमा ल्याउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा सडक हेरालुको सेवा सुविधा सम्बन्धित वडाबाट काम गरेको दिनको हाजिर प्रमाणीत गराई नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा यस गाउँपालिका भित्र वर्षा झरि तथा पहिरोको कारण अवरुद्ध अवस्थामा रहेका सडकहरुलाई चाडपर्वको अवसरमा सूचारु गर्नको लागि सम्बन्धित वडा अन्तर्गत उपभोक्ता समिति गठन गरी काम सूचारु गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं ५ अन्तर्गत लोटीङ- भुमेडाँडा सडकमा गएको पहिरोको कारण घर बस्तीमा समेत क्षति पुग्ने देखिएको हुँदा उक्त पहिरो नियन्त्रणको

लागि यस आ.व. २०८१।०८२ मा विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट उक्त कार्य उपभोक्ता समिती गठन गरी गर्ने निर्णय गरीयो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा विगु गाउँपालिका अन्तर्गत वडा नं ६,७,८ मा संचालनमा रहेको हाईड्रोपावरहरुले यस गाउँपालिकामा दाखिला गर्नु पर्ने कर दाखिला नगरेकोहुँदा दाखिला गर्नको लागि पत्राचार गर्ने र नगरेको खण्डमा सम्बन्धित निर्माणाधिन हाइड्रोपावरले गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका कर दाखिला गरे पश्चातमात्र काम कारवाही गर्न दिने निर्णय गरियो ।

९. प्रस्ताव नं ८ उपर छलफल गर्दा आजको मिति २०८१।०६।१८ गते सम्म गाउँपालिकाको कार्यालयमा पेश भएको निवेदनको आधारमा सम्पुर्ण विपन्न नागरीकलाई औषधी उपचार खर्च यथासिध्र उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्तुत सम्बन्धमा यस विगु गाउँपालिकाको विपद व्यवस्थापन समितिको मिति २०८१।०६।१८ गते बसेको बैठकको निर्णयहरुलाई यस गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरीयो ।

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं ३ पाटीगैराको सडक विगु गाउँपालिकाको प्राविधिकहरुको अनुगमन प्रतिवेदन तथा लागत अनुमानको आधारमा विपद व्यवस्थापन शिर्षकबाट खर्च हुनेगरी उपभोक्ता समीति गठन गरी काम गर्ने निर्णय गरीयो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाडुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत